# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेलः info@pokharamun.gov.np


पत्र संख्या : ०८२/०८३
चलानी नं.- 6432

मितिः२०८३/०२/११

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार नगर कार्यपालिकाको ६७ औं बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) तपसिल बमोजिम रहेको व्यहोरा समेत अनुरोध छ ।

**तपशिलः**
मितिः २०८३ जेठ १२ गते (मंगलबार)
समयः दिउसो २:०० बजे
स्थानः पोखरा उपत्यका नगर विकास समितिको सभाहल,

**कार्यसूची (एजेण्डा)**
१. १९ औं नगरसभा तयारी सम्बन्धी ।
२. ६६ औं कार्यपालिका बैठकमा प्रस्तुत छलफल हुन बाँकी एजेण्डाहरू
   क. फोहोमैलाको लागत अनुमान सम्बन्धमा ।
   ख. डिजिटल हाउस नम्बरिङ्ग लागत सम्बन्धमा ।
३. विविध ।

(मुक्तिराम अर्याल)
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**
श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

मिति -२०८३/०२/१२ गते (मंगलबार) स्थान - पोखरा उपत्यका नगर विकास समितको सभाकक्ष

बैठक संख्या- ६७ समय- दिनको: ०२ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको ६७ औ बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्माचार्य | प्रेम प्रसाद |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | Kiran |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | का.वा.अध्यक्ष वडा नं.-२४ | श्री मैया नेपाली | |
| २८ | सदस्य | का.वा. अध्यक्ष वडा नं.-२५ | श्री धन कुमारी पोखरेल | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | ...... | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

**षपोखरा महानगरपालिका**

न्यूरोड, पोखरा

**<u>६७ औँ कार्यपालिका बैठक मिति २०८३/०२/१२ गते</u>**

**<u>निर्णय नं १</u>**

६६ औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**<u>निर्णय नं २</u>**

फिर्के खोलाको खोलाघरमा रहेको संरचना र पोखरा बसपार्क नगर विकास समितिको स्वामित्वमा रहेको जग्गामा रहेका संरचना हटाउदा त्यस्तो संरचनामा बसोबास गरिरहेका विस्थापित घर/परिवारलाई तत्काल व्यवस्थापन गर्न नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत गरेको नीति बमोजिम ५ (पाँच) जना सम्मको परिवारलाई रु.१५,००० (पन्ध्र हजार) र सो भन्दा वढी प्रति व्यक्ति थप रु.२,००० (दुई हजार) का दरले सार्वजनिक ऐलानी, पर्ति जग्गा संरक्षण कार्यक्रम शिर्षकबाट रकम उपलब्ध गराउन प्रशासन महाशाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं ३</u>**

पोखरा महानगरपालिकाको आ.व.२०८२/०८३ को वार्षिक विकास कार्यक्रममा समायोजन भएका योजना/ कार्यक्रमहरु जेन्जी आन्दोलनबाट सृजना भएको विषम् परिस्थिति तथा अमेरिका-ईरान युद्धका कारणबाट ईन्धनमा मूल्य बृद्धिको कारण योजनाहरुको सम्झौता गरी कार्यान्वयन गर्ने कार्यमा ढिला भएको हुँदा चालु आ.व.को योजना तथा कार्यक्रमहरु २०८३ जेष्ठ मसान्त सम्म सम्झौता गर्न सकिने गरी समयावधी थप गर्ने र निर्णय अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ४</u>**

पोखरा महानगरपालिका वडा नं.-९ स्थित पोखरा बसपार्कमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गामा रहेका संरचनाहरु हटाउन सार्वजनिक सूचना प्रकाशन भई सकेको अवस्थामा त्यस्ता संरचनामा बसोवास गरेका सुकुम्वासीहरुले महानगरमा पेश गरेको निस्शा/ लालपुर्जा, नेपाली नागरिकता लगायतका कागजातहरुको सम्बन्धमा अध्ययन, जाँचबुझ, छानविन गरी १० (दश) कार्यदिन भित्र राय सुझाब सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिकको समिति गठन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>-**

| | |
|---|---|
| प्रशासन महाशाखा प्रमुख - पो.म.न.पा. | संयोजक |
| अधिकृत प्रतिनिधि - कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश | सदस्य |
| अधिकृत प्रतिनिधि - जिल्ला प्रशासन कार्यालय कास्की | सदस्य |
| अधिकृत प्रतिनिधि - मालपोत कार्यालय पोखरा | सदस्य |
| अधिकृत प्रतिनिधि - नापी कार्यालय पोखरा | सदस्य |
| अधिकृत प्रतिनिध - जिल्ला प्रहरी कार्यालय कास्की | सदस्य |
| वडा सचिव, वडा नं.- ०९ पो.म.न.पा. | सदस्य सचिव |

**निर्णय नं ५**

फिर्के कोरीडोर एवं पोखरा बसपार्कमा रहेका संरचनाहरु खाली गर्दा/हटाउदा त्यस्ता संरचनामा बसोवास गर्दै आईरहेका सुकुम्वासीहरुलाई व्यवस्थापन गर्न जरुरी हुने भएकोले अधिकतम ६०० (छ सय) सुकुम्वासी परिवारहरुलाई व्यवस्थापन गर्न सकिने स्थान (करिब १०० रोपनी जग्गा) को १० कार्यदिन भित्र खोजि कार्य गर्न तपसिल बमोजिमको समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल-**

| | |
|---|---|
| श्री राधिका कुमारी शाही अध्यक्ष वडा नं.- १७ | संयोजक |
| श्री तोरण बहादुर बानियाँ अध्यक्ष वडा नं.- १५ | सदस्य |
| श्री बोध बहादुर कार्की अध्यक्ष वडा नं.- १४ | सदस्य |
| श्री दिपेन्द्र मर्सानी अध्यक्ष वडा नं.- ०९ | सदस्य |
| श्री धन कुमारी पोख्रेल का.वा.अध्यक्ष वडा नं.- २५ | सदस्य |
| श्री सीता कार्की नापी अधिकृत भूमि प्रशासन शाखा पो.म.न.पा. | सदस्य |
| श्री टिकाराम बजगाईं प्रशासकीय अधिकृत पो.म.न.पा. | सदस्य सचिव |

**निर्णय नं ६**

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम २०८३ आषाढ ०४ गते दिनको १:०० बजे पोखरा सभागृहमा आयोजना हुने १९ औ नगरसभामा प्रस्तुत गर्ने तथा बजेट तथा कार्यक्रम २०८३ आषाढ ०५ गते बिहान ०८ बजे प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

महानगरपालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहरमैला (अस्पताल जन्य बाहेक) को संकलन र व्यवस्थापन गर्ने प्रयोजनको लागि वोलपत्र निर्धारण तथा लागत अनुमान समितिबाट २ (दुई) वर्षका लागि सिफारिस भएको लागत अनुमान रकम रु.३३,६०,९७,३५५ (तेतीस करोड साठी लाख सन्तानब्वे हजार तीन सय पचपन्न) का सम्बन्धमा हाल फोहोरमैला व्यवस्थापन भैरहेको जग्गामा आगामी केही महिना मात्र व्यवस्थापन गर्न सकिने प्राविधिकको राय अनुसार जग्गाको व्यवस्थापन गरी र महानगर क्षेत्रभित्र निर्माण भएका र हुने भवन तथा घरहरुको यथार्थ विवरण देखिने गरी डिजिटलाईज प्रणाली (GIS) मा घर नंम्बरिङ गर्न को लागि नगर कार्यपालिका समक्ष पेश भएको रु. ३,००,००,०००।- (अक्षरुपी तीन करोड रुपैँया मात्र) को लागत अनुमान स्वीकृत गरी खरिद प्रकृया अगाडि वढाउन पर्यटन तथा शहरी विकास महाशाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ८**

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको पोखरा बसपार्क स्थित जग्गामा बसोबास गरिरहेका लालपूर्जा भएका व्यक्ति/संस्थाका सम्बन्धमा नेपाल सरकारबाट जारी हुने नीति, ऐन,नियम, निर्देशन, परिपत्र बमोजिम गर्ने गरी हाल बसपार्क क्षेत्रमा बसोबास गरिरहेका त्यस्ता व्यक्ति/संस्थाको नाममा पोखरा उपत्यका नगर विकास समितिबाट नगद लिई बितरण गरिएको, सट्टा भर्ना गरिएको तथा जग्गाधनी प्रमाण पुर्जा भएको जग्गाका

सम्बन्धमा जाँचबुझ, अध्ययन विश्लेषण तथा छानविन गरी १५ (पन्ध्र) दिन भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिम न्यायिक छानविन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

| | |
|---|---|
| श्री शंकरराज बराल, पूर्व न्यायधीस | : संयोजक |
| श्री गोविन्द गिरी, पूर्व जिल्ला न्यायधिवक्ता | : सदस्य |
| श्री प्रकाश सुवेदी पो.उ.न.वि स. | : सदस्य सचिव |

**निर्णय नं ९**

महानगरपालिका क्षेत्र भित्र नक्सा पास नगरी निर्माण भएका, आंसिक रुपमा नक्सा पास भएका तथा निर्माण सम्पन्न गरी सम्पन्न प्रमाण पत्र नभएका घर तथा भवनहरुको अभिलेखिकरण गर्न महानगरबाट संञ्चालित अभियान तथा वडा सिबिर मार्फत घर नक्सा अभिलेखिकरण गर्न निवेदन आव्हान भए बमोजिम सबै वडा तथा महानगरमा प्राप्त निवेदनहरु मध्ये राजश्व दाखिला भएका निवेदकहरुको अभिलेखिकरण प्रकृया अघि वढाउने निर्णय गरियो।

**निर्णय नं १०**

पोखरा महानगरपालिकाको आ.व. २०८२/८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गत पृथ्वीचोक स्थित पुरानो ट्राफिक कार्यालयमा निर्माणाधिन रहेको POKHARA HOUSE भवनको अगाडी भागमा जग्गा संरक्षण, सौन्दर्यकरण तथा पार्क निर्माण गर्ने कार्यका लागि भुईमा ढुंगा छाप्ने, शिलालेख राख्ने र कम्पाउण्डवाल बनाउन सोही योजनाको बाँकी रहेको रकमबाट खर्च हुने गरी पूर्वाधार महाशाखालाई जिम्मेवारी दिने निर्णय गरियो।